“साझा यातायात तपाई हामीहरुकै सम्पत्ति हो, यसको संरक्षण र संबर्धन गरौं”

पान: ६००७०३५६१

# साझा यातायात
## (सहकारी संस्था लि.)

पत्र संख्या:- ०१
चलानी नं:- १२८/०८०/८१

मिति:- २०८०/१२/२७

प्रेस विज्ञप्ति

## साझाको चार्जिङ डिपो तथा विद्युतिय बसको शुभारम्भ

साझा यातायात सहकारी संस्था लिमिटेडले देशकै ठुलो चार्जिङ क्षमताको विद्युतिय चाजिंङ डिपो शुरु गरेको छ । यातायातले केन्द्रीय कार्यालय परिसर पुल्चोक, ललितपुरमा चैत २७ गते मंगलवार २ नोजलयुक्त ११ वटा विद्युतिय चार्जर सहितको डिपोको शुरुवात गरेको हो । संस्थाद्वारा कार्यालय भवन, पुल्चोकमा आयोजित कार्यक्रममाझ उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले सो डिपोको औपचारिक उद्घाटन गर्नुभयो । सोही अवसरमा संस्थाको ४० वटा विद्युतिय बसको समेत सेवा शुभारम्भ गरिएको छ। जिबिटी टाइपको चार्जिङ पोर्ट रहेको हरेक चार्जरको क्षमता ९८ किलोवाट आवर छ । विद्युत आपूर्तिका लागि ११०० किलोवाट (१.१ मेगावाट) को ४ वटा ट्रान्सफर्मर जडान गरिएको छ। डिपोमा एक पटकमा २२ वटा बस चार्ज गर्न सकिन्छ।

सो शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख अतिथि उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री महासेठले सार्वजनिक यातायात सेवाका क्षेत्रमा साझाले पुऱ्याएको सेवा सकारात्मक रहेको बताउनुभयो। यस अघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यकालमा आफू सोही मन्त्रालयको मन्त्री रहँदा साझालाई विश्वास गरी विद्युतिय बस खरिद र सञ्चालनका लागि ३ अर्ब रुपैयाँ प्रदान गरेको स्मरण गर्दै उहाँले यसमार्फत साझाले गर्दै आएको कार्यको प्रशंसा गर्नुभयो। सार्वजनिक यातायात सेवालाई व्यवस्थित र सहज तुल्याउनका लागि देशभर नै विद्युतिय बसको सञ्चालनलाई प्राथमिकतामा राखिएको उहाँको भनाइ थियो।

कार्यक्रमका विशिष्ट अतिथि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले साझा यातायात सहकारी संस्था अन्य सहकारी संस्थाको तुलनामा अब्बल बन्दै सबैलाई उदाहरणीय बन्न सक्नु पर्ने बताउनुभयो। संस्थाको स्तरउन्नति र विकासका लागि आवश्यक सहयोग गर्न आफूहरु तयार रहेको उहाँको भनाइ थियो।

यसैगरी ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले साझाले गरेको कार्यको प्रशंसा गर्नुहुँदै गौरवशाली इतिहास बोकेको संस्थासँग सहकार्य गर्न पाउँदा खुसी लागेको र आगामि दिनमा पनि सहकार्यलाई निरन्तरता दिने बताउनुभयो।

यस्तै कार्यक्रमका अतिथि नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले शुरुवाती समयमा चार्जिङ्ग स्टेशन निर्माणका लागि स्थान अभाव रहने गरेकोमा अहिले स्टेशन निर्माणको क्रमले तीव्रता पाएको र साझाले समेत चार्जिङ्ग स्टेशन निर्माण गरेकाले खुशी लागेको बताउनुभयो।

कार्यक्रममा संस्थाका सञ्चालक समितिका अध्यक्ष कनकमणि दीक्षितले साझा यातायातको इतिहास स्मरण गर्नुहुँदै सार्वजनिक यातायात सुधारका लागि संस्थामार्फत गर्न लागिएका र राज्यका तर्फबाट गरिनु पर्ने

फोन नं.: ०१-५५५२६८६, ०१-५५३०७२२, फ्याक्स नं.: ०१-५५२४६७५, टोल फ्रि नं.: १६६०-०१-७७७७७, पुल्चोक, ललितपुर, नेपाल
Website:- www.sajhayatayat.com.np, E-mail:- info.sajhayatayat@gmail.com

CamScanner

"साझा यातायात तपाई हामीहरुकै सम्पत्ति हो, यसको संरक्षण र संवर्धन गरौं"

# साझा यातायात
## (सहकारी संस्था लि.)

पत्र संख्या:-
चलानी नं:-

मितिः- ..............................

कार्यहरु बारे चर्चा गर्नुभएको थियो । अध्यक्ष दीक्षितले चार्जिङ स्टेशनको अभावमा संस्थाका विद्युतिय बस पूर्णरुपमा सञ्चालनमा आउन नसकेकोमा अब भने चार्जिङ्गको समस्या नरहने र बस सेवालाई निरन्तरता दिन सकिने विश्वास समेत व्यक्त गर्नुभयो । संस्थाले थप विद्युतिय बस खरिद गर्ने, सार्वजनिक यातायात सम्बन्धी प्राविधिक, आर्थिक र सामाजिक पक्ष अध्ययन गर्न 'साझा यातायात अध्ययन र परिचालन केन्द्र' स्थापना गर्ने, वित्तीय संस्थासँगको सहकार्यमा 'यात्रा कार्ड' पुन प्रयोगमा ल्याउने, साझा प्रान्तीय सेवा शुरु गर्ने लगायतका योजना लिएको अध्यक्ष दीक्षितको भनाइ थियो । यसैगरी साझाले डिजल बसलाई विद्युतिय बसमा रुपान्तरण गर्न सफल भएको बताउँदै यो सफलताबाट यातायात सञ्चालन तथा उत्पादन बारे कार्यशाला आयोजना गरिन लागेको पनि बताउनुभयो । सरकारको नीतिमा डिजल टु विद्युतिय रुपान्तरण परेको भएपनि नियमको अभावमा प्रभावकारी कार्यान्वयन हुन नसकेकाले यसमा सरकारको आवश्यक सहयोगको अपेक्षा गर्नुभयो ।

नेपाल सरकारबाट सार्वजनिक यातायात विद्युतिकरण गर्नका लागि प्राप्त लगानीलाई साझा यातायातले तीन भाग गरी पहिलो भागको खर्चमा ४० बस खरिद गरेको छ । यी विद्युतिय बसहरु उपत्यकाका विभिन्न रुटमा सञ्चालित रहनेछन् । विद्युतिय बस ८.५ मिटर लम्बाई, फ्रण्ट र ब्याक एयर सस्पेशन लिथियम आइरन फस्फेट ब्याट्री (१६१ किलोवाट आवर), भार बोक्ने क्षमता ४७०० किलोग्राम, २४ सिट र उठ्ने बस्ने गरी ५० यात्रु क्षमता, लो फ्लोर, अपाङ्गमैत्री शहरी बस छन् । सिसिटिभी तथा जिपिएस प्रविधि जडान गरिएका यी बसमा डिजिटल डिस्प्लेको समेत व्यवस्था छ । १२ मिटरका थप विद्युतिय बस अन्तर्राष्ट्रिय बोलपत्रद्वारा खरिद गर्न साझा यातायातले प्रक्रिया अगाडि बढाइ सकेको छ । यसको साथै विभिन्न प्रान्त जोड्ने 'प्रान्तीय सेवा' अन्तर्गत थप लामो दूरीका सुपर डिलक्स सुविधायुक्त बस खरिद गरी सञ्चालन गर्ने प्रक्रिया पनि अगाडि बढेको छ । यस अघि भारतमा निर्मित टाटा र अशोक लेल्याण्ड कम्पनीका ७१ डिजल बस र चीनको सिएचटीसी कम्पनीद्वारा निर्मित यी ४० बस गरी साझा यातायातको कुल संख्या १११ पुगेको छ । यी उपत्यका र उपत्यका बाहिर बाग्लुङ तथा बेलहियासम्म सञ्चालनमा रहेका छन् ।

**सम्पर्क**
महेन्द्रराज पाण्डेय
साझा यातायात, पुल्चोक
०१-५४२४६७९, ०१-५४५२६८६

फोन नं.: ०१-५५५२६८६, ०१-५५३०७२२, फ्याक्स नं.: ०१-५५२४६७५, टोल फ्रि नं.: १६६०-०१-७७७७७, पुल्चोक, ललितपुर, नेपाल
Website:- www.sajhayatayat.com.np, E-mail:- info.sajhayatayat@gmail.com

CamScanner